# चक्रघट्टा गाउँपालिका

# विपद् व्यवस्थापन तथा कोष सञ्चालन कार्यविधि, २०७९

## नेपाल सरकार
## गृह मन्त्रालय

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०९/२९

# चक्रघट्टा गाउँपालिकाको विपद् व्यवस्थापन तथा कोष संचालन गर्न बनेको कार्यविधि, २०७९

**प्रस्तावना :**

विपद्को दृष्टिकोणबाट नेपाल संसारकै संवेदनशील देशहरु मध्ये एक हो । अव्यवस्थित बसाइसराई, जथाभावी वन फडानी तथा अतिक्रमण, अवैज्ञानिक खेती प्रणाली, जनसंख्याको बढ्दो चाप, अव्यवस्थित शहरीकरण, अदुरदर्शी भौतिक संरचना निर्माण, जलवायुजन्य जोखिम,जनचेतनाको कमी जस्ता कारणले हरेक वर्ष हुने बाढी पहिरो, महामारी, झाडा पखाला, अतिवृष्टि, अनावृष्टि, शीतलहर, चट्याङ, आगलागी र भूकम्प, सडक दुर्घटना जस्ता प्राकृतिक/मानवसृजित प्रकोपका कारण हजारौं मानिसहरुको मृत्यू हुने गरेको छ । यस्ता प्रकारका विपद्बाट जीउधन माथी भएको क्षति त छदैछ भौतिक संरचनामा समेत क्षति पुग्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ । यस्ता विपद्बाट उत्पन्न हुन सक्ने अवस्थालाई मध्यनजर राख्दै विपद्बाट चक्रघट्टा गाउँपालिकामा हुन सक्ने आर्थिक, मानवीय, सांस्कृतिक तथा भौतिक संरचनाहरूको क्षतिलाई न्यूनिकरण गर्ने हेतुले विपद् व्यवस्थापनका सबै क्रियाकलापको सन्मवयात्मक तथा प्रभावकारी रुपमा व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी चक्रघट्टा गाउँ कार्यपालिकाबाट यो विपद् व्यवस्थापन तथा कोष सञ्चालन कार्यविधि', २०७९' जारी गरिएको छ ।

**उद्देश्य :**

(१) विपद् पिडीतको उद्दार तथा पुर्नः स्थापनाका लागी जिल्ला, प्रदेश तथा सघं स्थित सवै कार्यालय सघं संस्था बिच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने ।

(२) विपद् जोखिमको दृष्टिकोणले गाउँपालिकाका भित्रका जोखिमपूर्ण क्षेत्रहरुको पहिचान गरि विपद् जोखिम तथा विपद् व्यवस्थापनका लागी भौतिक तथा चेतनामूलक कार्यहरु गर्ने ।

(३) विपद्बाट हुन सक्ने जोखिमलाई न्यून गर्न नीतिगत तथा संस्थागत सुधार गर्ने ।

(४) विपद् पिडीतको आधारभुत आवश्यकताको परिपूर्ति गर्नका लागी क्षतिको मुल्याल्ङ्कनको आधारमा तत्काल राहत उपब्ध गराइ सहयोग गर्ने ।

(५) भवन तथा पूर्वाधार निर्माण कार्य प्रारम्भ गर्दा वातावरण मैत्रि तथा भवन निर्माण आचार संहिता बमोजिम गर्ने, गराउने ।

६)स्थानिय विपद् जोखिम व्यवस्थापन योजना तर्जूमा निर्देशिका २०६८ द्वारा निर्देशित विपद् जोखिम ब्यवस्थापन योजना तर्जूमामा जोड दिने ।

(७) विपद्बाट हुन सक्ने मानवीय तथा भौतिक क्षतिको न्यूनिकरणका लागी गाउँपालिकाको क्षमता विकास गर्ने ।

(८) विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने सवै निकायहरुका वीच समन्वय गर्ने ।

(९) विपद्बाट पिडीत व्यक्ति तथा परिवारहरुलाई तत्काल उद्दार तथा राहत सहयोगका लागी कोषको व्यवस्था गर्ने ।

(१०) विपद् व्यवस्थापन, वातावरण संरक्षण, भवन निर्माण व्यवस्थापन आदि कार्य गर्दा सम्बन्धि प्रचलित कानुन बमोजिम गर्ने गराउने ।
(११) विपद्को जोखिम न्यूनीकरणको लागि उपयुक्त सुचना प्रकोप पूर्वको तयारीका लागि उपलव्ध गराउने ।
(१२) विपद् सम्वन्धी सुचना दिने प्रविधिको व्यवस्था तथा व्यवस्थापन गर्ने ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) संक्षिप्त नाम :- यस कार्यविधीको नाम "विपद् व्यवस्थापन तथा कोष सञ्चालन कार्यविधि", २०७९ रहनेछ ।

(२) यो कार्यविधि चक्रघट्टा गाउँपालिका भरी लागू हुनेछ ।

(३) यो कार्यविधी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) "कोष" भन्नाले दफा ५ बमोजिमको विपद् व्यस्थापन कोष सम्झनु पर्छ ।

(ख) "गैर-प्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल, औद्योगिक दुर्घटना, विषाक्त ग्याँस, रसायन वा विकिरण चुवाहट, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर-प्राकृतिक विपद्लाई सम्झनु पर्छ ।

(ग) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू- स्खलन, डुबान, खडेरी, आँधी, हुरी, बतास, शीतलहर, तातो हावाको लहर, भूकम्प वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(घ) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सृजना भई जन वा धनको क्षतिको साथै जीपनयापन र वातावरणमा प्रतिकूल असर पर्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनु' पर्छ ।

(ङ.) "विपद्जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लषेण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(च) "विपद् पुर्नलाभ" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निमार्ण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

(छ) ''विपद् प्रतिकार्य'' भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्व तयारीलाई समेत जनाउँछ ।

(ज) ''विपद् व्यवस्थापन'' भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पुर्ण क्रियाकलापलाई सम्झनु पर्छ ।

(झ) ''सुरक्षा निकाय'' भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग सम्झनुपर्छ । (ञ) ''गाउँपालिका विपद् व्यस्थापन समिति'' भन्नाले दफा ३ बमोजिमको गाउँपालिका विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ट) "कार्यविधि" भन्नाले चक्रघट्टा  गाँउपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन तथा ब्यवस्थापन कार्यविधि, २०७९ लाई बुझ्नुपर्छ ।

(ठ) "कोष सञ्चालन समिति" भन्नाले दफा ६ बमोजिमको समिति सम्झनु पर्छ ।

(ड) "कार्यालय" भन्नाले चक्रघट्टा  गाँउ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।  सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

(ढ) "गाउँपालिका" भन्नाले चक्रघट्टा  गाउँपालिकालाई सम्झनु पर्छ ।

**३. कोष स्थापना :** विपद् व्यवस्थापन कोष  नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**४. कोषको कार्यालय :** कोषको सचिवालय गाउँ कार्यपालिको कार्यालयमा रहने छ ।

## परिच्छेद-२

## संचालन तथा ब्यवस्थापन सम्बन्धि ब्यवस्था

**५. गाउँपालिका विपद् ब्यवस्थापन समिती :**

(१) चक्रघट्टा गाउँपालिका विपद् ब्यवस्थापन सम्बन्धि कार्यको लागी निम्न बमोजिमको गाउँपालिका विपद् ब्यवस्थापन समिती रहनेछ :

| | |
|---|---|
| (क) गाँउपालिकाको अध्यक्ष | –अध्यक्ष |
| (ख) गाँउपालिकाको उपाध्यक्ष | –सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | –सदस्य |
| (घ) वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक | -सदस्य |
| (ङ) स्वास्थ्य सम्बन्धी विषय हेर्ने गाउँपालिका स्थित प्रमुख | -सदस्य |
| (च) गाउँपालिका स्थित सुरक्षा निकायका प्रमुखहरू | –सदस्य |
| (छ) राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिकास्थित प्रमुख वा प्रतिनिधि | –सदस्य |

(ज) नेपाल रेडक्रस सोसाइटीको गाउँपालिकास्थित प्रमुख -सदस्य

(झ) नेपाल पत्रकार महासंघको गाउँपालिकास्थित प्रमुख -सदस्य

(ञ) उद्योग वाणिज्य संघको गाउँपालिकास्थित प्रमुख

(ट) गाउँपालिका स्तरको महिला सञ्जाल -सदस्य

(ठ) योजना, अनुगमन तथा प्रशासन शाखा प्रमुख –सदस्य

(ड) वातावरण, विपद् व्यवस्थापन हेर्ने गाउँपालिकास्थित प्रमुख - सदस्य सचिव

(२) व्यवस्थापन समितीको वैठक सामान्यतय वर्षमा ४ पटक बस्ने छ ।

(३) वैठकको आव्हान समितीको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक बोलाउनेछ ।

(४) आवश्यक्ता अनुसार व्यवस्थापन समितीको वैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

(५) व्यवस्थापन समितीको सम्पूर्ण सदस्य संख्याको कम्तिमा (५०) पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

(६) बैठकको निर्णय अध्यक्ष द्वारा प्रमाणित गर्नु पर्नेछ ।

**६. विपद् व्यवस्थापन कोष :**

(१) विपद् व्यवस्थापनका लागि गाउँपालिकामा एउटा छुट्टै विपद् व्यवस्थापन कोष रहनेछ ।

(२) कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।.

(क) चक्रघट्टा गाउँपालिकाबाट वार्षिक रुपमा विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।

(ग) विभिन्न सरकारी, गैर सरकारी तथा अन्य दातृनिकायबाट प्राप्त भएको सहयोग ।

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(ङ) कोष सेवा शुल्कबाट प्राप्त हुने रकम ।

(३) कोषको रकम नेपाल राष्ट्र बैंकबाट क' वर्गको इजाजत सरकारी कारोबार गर्न स्वीकृत बैंकमा जम्मा गरिनेछ। कोषको संचालन गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।.

(४) कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

(५) कोषको लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

**७. कोष सञ्चालन समिति :**

(१) कोषको लक्ष्य तथा उद्देश्य प्राप्ति लागि देहाय वमोजिमको कोष सञ्चालन समिति रहनेछ :.

(क) गाँउपालिका अध्यक्ष –संयोजक

(ख) गाँउपालिका उपाध्यक्ष –सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(घ) वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक -सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख –सदस्य-सचिव

**८. समितिको काम, कर्तव्य र अधिकार :**

(१) विपद् व्यवस्थापन तथा कोष संचालन समितीको अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) गाउँपालिकालाई विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न लगाउने,

(ग) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयम्सेवक, सामाजिक परिचालक लगायत सम्बन्धीत सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(घ) गाउँपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(ङ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका तथा मापदण्डको पालना गराउने,

(च) स्थानीय समुदायलाई विपद् प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धीत योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालन हुन वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(छ) विपद् प्रतिकार्यका लागि आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ज) विपद् प्रभावित क्षेत्रमा उद्दार तथा राहतको व्यवस्था गर्ने,

(झ) विपद् व्यस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले यस ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(ञ) गाउँपालिकामा विपद् व्ययस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ट) गाउँपालिकामा आपत् कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ठ) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(ड) विपद् बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचय पत्र वितरण गर्ने, गराउने,

(ढ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(ण) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(त) विपद्बाट विस्ताथापितहरुलाई पुर्नस्थापनाका लागी पुर्नवासको व्यवस्थापनको कार्य गर्ने,

(थ) स्थानीय समुदायलाई विपद् प्रति जागरुक बनाउन विभिन्न चेतनामूलक कार्यक्रम संचालन गर्ने गराउने ।

**९. वडास्तरीय विपद् व्यवस्थापन समिति :**

(१) विपद् व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउन चक्रघट्टा गाउँपालिकाको प्रत्येक वडामा देहाय बमोजिम वडास्तरीय विपद् व्यवस्थापन समिति रहनेछः-

| | |
|---|---|
| (क) वडा अध्यक्ष | –अध्यक्ष |
| (ख) स्वास्थ्य सम्बन्धी विषय हेर्ने वडास्थित प्रमुख | -सदस्य |
| (ग) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधि | –सदस्य |
| (घ) नेपाल रेडक्रस सोसाइटीको वडास्थित प्रतिनिधि | -सदस्य |
| (ङ) नेपाल पत्रकार महासंघको वडास्थित प्रतिनिधि | -सदस्य |
| (च) उद्योग वाणिज्य संघको वडास्थित प्रतिनिधि | -सदस्य |
| (छ) वडा स्तरिय महिला सञ्जाल | -सदस्य |
| (छ) वडा सचिव | –सदस्य-सचिव |

**१०. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्षको काम, कर्तब्य र अधिकार देहाय बमाजिम हुनेछ ।

(क) बैठकको अध्यक्षता गर्ने,

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

(ग) बैठकको प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्न लगाउने,

(घ) समितिका सदस्यहरु लाई कामको बाँडफाँड गर्ने तथा आवश्यक समन्वय गर्ने,

(ङ) कोषमा वित्तीय श्रोत जुटाउने र श्रोतको परिचालन गर्ने गराउने,

(च) कोषका निणर्यहरु सार्वजनिक गरि पारदर्शिता कायम गराउने,

(छ) कोषको बैठक सहभागितात्मक रुपमा गराउने,

(ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने,

(झ) कोषको तर्फबाट अन्य निकाय, सघं/सस्था सगं सम्झौता गर्नु पर्ने भए गर्ने गराउने,

(ञ) कोषको योजना तर्जुमा तथा सो को स्वीकृती गर्न गराउन आवश्यक कारवाही गर्ने गराउने,

(ट) कोषको कामको अनुगमन मुल्याङकन गर्ने गराउने,

**११.सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

(१) कोषको सदस्य सचिवको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने अध्यक्ष संगको सल्लाहमा छलफलको विषयवस्तुहरु तयार गरि निर्णयार्थ बैठकमा पेश गर्ने ।

(ख) बैठकको निर्णय लेख्ने, कोषको सबै कागजातहरु जिम्मा लिने,

(ग) कोषसँग सम्बन्धित सूचनाहरु, तथ्याङ्क तथा अलभिलेख अध्यावधिक गर्ने,

(घ) अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने,

(ङ) कोषको प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने,

(च) कोषको कार्यक्रम तर्जुमा स्वीकृती र कार्यन्वन गर्न आवश्यक कारवाही गर्ने,

(छ) कार्यक्रमहरुको अनुगमन गर्ने गराउने,

(ज) कोषको चलअचल सम्पतिको संरक्षण गर्ने गराउने,

**१२.सदस्यको काम कर्तव्य र अधिकार :**

(१) कोषको सदस्यहरुको काम कर्तव्य र अधिकार देहाय बमाजिम हुनेछः

(क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापुर्वक भाग लिने,

(ख) अध्यक्षको काममा सहयोग पु-याउने,

(ग) तोकिए बमोजिमको जिम्मेवारी पुरा गर्ने,

(घ) बैठकको निर्णयमा मतदान गर्नु पर्ने भए मतदान गर्ने,

(ङ) अध्यक्षले तोकिदिएको अन्य कार्यहरु गर्ने,

(च) कोषको कार्यक्रमहरु कार्यन्वयन गर्न सहयोग पुऱ्याउने ।

## परिच्छेद-४
## उद्धार तथा राहत सम्बन्धी व्यवस्था

**१३. उद्धारको तयारी सम्बन्धि व्यवस्था :**

(क) विपद्‌को जोखिममा रहेको क्षेत्रको व्यवस्थापन गर्ने,

(ख) तालिम प्राप्त जनशक्तिको साथै विपद्‌को समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नका साथै आपतकालीन खाद्यान्न,औषधि एवं लत्ता कपडाको भण्डारण गर्न समन्वय गर्ने,

(ग) सामाजिक एवं गैर सरकारी संघ संस्था एवं पत्रकारहरुको सहयोग समेत लिई गाँउपालिका विपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने,

(घ) विपद्‌को समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सम्भव भए सम्म विद्यालय,स्वास्थ्य केन्द्र वाहेक तत्कालका लागि अस्थायी रुपमा पुर्नस्थापना गर्न पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोग गर्ने,

**१४. राहत तथा उद्धार सम्बन्धी व्यवस्था :**

(क) विपद्‌को घटनामा परी व्यक्तिको मृत्यु भएमा राहत स्वरुप प्रति मृतक रु.३५००० /- का दरले निजको परिवारलाई सहयोग उपलव्ध गराईने छ । विपद्‌मा परि अङ्गभङ्ग भएमा रु.५,००० /- र अङ्गभङ्ग भई सो अङ्गले स्थायी रुपमा काम गर्न नसक्ने प्रमाणित भएमा रु.७,००० /- का दरले सहयोग उपलव्ध गराउने छ ।

(ख)) विपद्‌बाट घर पूर्णरुपमा नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमीन समेत नोक्सानी भै तत्काल गुजाराको लागि आवश्यक व्यवस्था गर्नको लागि रु.१०,००० /- आंशिक घर क्षति भई तत्काल मर्मतको लागि रु.७,००० /- तथा गोठ-खोर सहित पशुहरुको क्षति भएमा रु.५,००० /- प्रति परिवार राहत सहयोग उपलव्ध गराउने छ ।

(ग) विपद्‌को घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालबाट उपचार गरी घर जान आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति रु.३,००० /- यातायात खर्च दिइनेछ ।

(घ) विपद्‌को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखि शिविर संचालन तथा आवश्यक समन्वय गरिनेछ ।

(ङ) विपद् पछिको तत्काल अवस्थामा आकश्मिक राहतको लागी राहत सामग्रीहरु (खाद्दान्न, कपडा, भाँडाकुँडा, त्रिपाल, उद्धार सामग्री, औषधी आदी) खरिद गर्न आवश्यक परेमा रु.५,००,००० /-( पाँच लाख) सम्म विपद् व्यवस्थापन समितिले निर्णय गरि गाउँपालिकाको कार्यालयले बिना प्रतिष्पर्धा सोझै खरिद गर्न सक्नेछ । सो खर्च गाउँ कार्यपालिकामा अनुमोदन गराउनु पर्नेछ ।

(च) पीडितहरुलाई राहत वितरण गर्दा यस कोषको अधिनमा रही कोष सञ्चालन समिति मार्फत् राहत सहयोग उपलब्ध गराइने छ । तर समितिबाट अनुमोदन गराउने गरी तत्काल उपलब्ध गराउनु पर्ने तोकिएको राहत रकम प्रमुख प्रशासकीय अधिकृतले पिडितलाई उपलब्ध गराउन सक्नेछ । यसरि उपलब्ध गराएको रकमको सोधभर्नाका लागि आवश्यक कागजात सहित कोष सञ्चालन समितिमा पेश गर्नु पर्नेछ ।

(छ) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको दश (१०) दिन भित्र प्रहरी सरजमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयको सिफारिस सहित कोष सञ्चालन समितिमा निवेदन पेश गर्नु पर्नेछ । मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन आवश्यक पर्नेछ ।

(ज) विपद् पछि बिस्थापितहरुको पूर्नस्थापनाका लागी आवश्यक्ता बमोजिम पूर्नवास ब्यवस्थापन गर्न गाउँ कार्यपालिकाको निर्णय अनुसार विपद् ब्यवस्थापन कोषबाट प्रकृयागत रुपमा जग्गा खरिद गर्न सक्नेछ ।

**१५. कार्य संचालन सम्बन्धि ब्यवस्था :**

गाउँपालिकाको कुनै पनि वडामा विपद् आईपरेको अवस्थामा देहाय बमोजिमको ब्यवस्थापन गरिनेछ ।

(क) विपद् प्रभावित स्थानको पहिचान गरि तत्काल उद्धारको ब्यवस्था गर्ने,

(ख) उद्धार पछि विपद् प्रभावित ब्यक्ति, परिवार तथा संघ संस्थाहरुको वर्गीकरण गरि वडा कार्यालय मार्फत लगत राख्ने,

(ग) वडा समितीको बैठक द्धारा विपद् प्रभावितहरुको सर्जमिन मुचूल्का गराई राहत अनुदानका लागी वातावरण तथा विपद् ब्यवस्थापन समितीमा सिफारिस गर्ने,

(ध) यस खण्डमा जुनसुकै कुरा लेखिएको भएतापनि यस सम्बन्धमा गाउँपालिका कार्यालयको निर्णय अन्तिम मानिनेछ ।

## परिच्छद् -५

## विविध

**१६. कोष बाट कार्यक्रम संचालन गर्नुपर्ने :** गाउँपालिकाको कार्यालय, गाउँ कार्यपालिका र यस अर्न्तगतको समिती वा उप-समितीबाट विपद् सम्बन्धि कार्याक्रम संचालन गर्दा यस कोषबाट मात्र संचालन गरिनेछ ।

**१७. जाँच पास तथा फर-फारक :** कोषबाट संचालन गरिने कार्यक्रमको जाँचपास तथा सिफारिस प्रचलित कानुन बमोजिम हुनेछ ।

**१८. गाउँपालिका विकास योजनामा समावेश गर्ने :** कोषबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु गाउँपालिकाको विकास योजनामा समावेश गर्नुपर्नेछ ।

**१९. कार्यविधी संसोधन :** यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितीको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

**२०. बचाउ र खारेजी :**

(क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन संग बाँझिन गएमा बाँझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

(ख) कुनै कारणबाट कोष संचालन हुन नसकेमा गाउँ कार्यपालिकाले कोष खारेज भएको मानिनेछ ।

(ग) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पति तथा दायित्व गाउँ कार्यपालिकाको कार्यालयमा स्वतः सर्नेछ ।